# नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ७२) काठमाडौं, साउन ३० गते, २०७९ साल (संख्या २८

## भाग ५

## निर्वाचन आयोगको

### सूचना १

निर्वाचन आयोगले संवत् २०७९ साल मङ्सिर ४ गते हुने प्रतिनिधि सभा सदस्य तथा प्रदेश सभा सदस्य निर्वाचनको लागि संवत् २०७९ साल साउन १९ गतेसम्म नामावली सङ्कलन भई संवत् २०७९ साल मङ्सिर ३ गतेसम्ममा अठार वर्ष उमेर पूरा हुने व्यक्तिको नाम मतदाता नामावली ऐन, २०७३ को दफा ६ को खण्ड (ख) बमोजिम मतदाता नामावलीमा दर्ता गर्ने गरी तोकेकोले यो सूचना प्रकाशन गरिएको छ।

### सूचना २

निर्वाचन आयोगले मतदाता नामावली ऐन, २०७३ को दफा १३, १४, १५, १६, १७ र १८ बमोजिम देहायको मतदाता नामावली अद्यावधिक (दाबी विरोध समेत) कार्यक्रम प्रकाशन गर्ने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ :-

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| क्र. सं. | क्रियाकलाप | देखि | सम्म | सम्पर्क गर्ने स्थान | जिम्मेवार व्यक्ति/निकाय |
|---|---|---|---|---|---|
| १ | कार्यक्रमको सूचना तथा मतदाता नामावली ऐन, २०७३ को दफा १३ बमोजिम मतदाता नामावली प्रकाशन | २०७९/०५/१२ | २०७९/०५/१२ | सम्बन्धित वडा कार्यालय र प्रमुख नाम दर्ता अधिकारीको कार्यालय | प्रमुख नाम दर्ता अधिकारी |
| २ | प्रकाशित मतदाता नामावलीमा रहेको त्रुटि सच्याउन मतदाता नामावली ऐन, २०७३ को दफा १४ बमोजिम सम्बन्धित प्रमुख नाम दर्ता अधिकारीको कार्यालयमा निवेदन दिने | २०७९/०५/१३ | २०७९/०५/१५ | प्रमुख नाम दर्ता अधिकारीको कार्यालय | सम्बन्धित मतदाता वा निजको परिवारको सदस्य |
| ३ | प्रकाशित मतदाता नामावलीमा कसैले झुट्टा विवरण दिई नामावलीमा नाम समावेश गरेको भए सोको विरोधमा मतदाता नामावली ऐन, २०७३ को दफा १५ बमोजिम उजुरी दिने | २०७९/०५/१३ | २०७९/०५/१५ | प्रमुख नाम दर्ता अधिकारीको कार्यालय | कुनै पनि व्यक्ति |
| ४ | प्रकाशित मतदाता नामावलीमा कुनै मतदाताको नाम एकभन्दा बढी स्थानमा समावेश भएकोमा एक स्थानमा मात्र कायम गर्न मतदाता नामावली ऐन, २०७३ को दफा १६ बमोजिम निवेदन दिने (एकै स्थानीय तह वा फरक फरक स्थानीय तह वा एकै जिल्ला भित्रको भए प्रमुख नाम दर्ता अधिकारीको कार्यालयमा र फरक फरक जिल्लामा भए प्रमुख नाम दर्ता अधिकारी मार्फत आयोगमा निवेदन दिने) | २०७९/०५/१३ | २०७९/०५/१५ | प्रमुख नाम दर्ता अधिकारीको कार्यालय | सम्बन्धित मतदाता |
| ५ | प्रकाशित मतदाता नामावलीमा मृत्यु भएका वा नागरिकता त्याग गरेका मतदाताको नाम मतदाता नामावलीबाट हटाउनको लागि मतदाता नामावली ऐन, २०७३ को दफा १८ को उपदफा (१) बमोजिम सूचना दिने | २०७९/०५/१३ | २०७९/०५/१६ | प्रमुख नाम दर्ता अधिकारीको कार्यालय | सम्बन्धित मतदाताको एकाघरको सदस्य वा अन्य कुनै व्यक्ति |
| ६ | मतदाता नामावली ऐन, २०७३ को दफा १८ को प्रयोजनको लागि बसाइँसरी अन्यत्र गएका वा मृत्यु भएका वा नागरिकता त्याग गरेका वा नागरिकता | २०७९/०५/१३ | २०७९/०५/१६ | स्थानीय पञ्जिकाधिकारीको कार्यालय | प्रमुख नाम दर्ता अधिकारीको कार्यालय |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | | | | | |
|---|---|---|---|---|---|
| | रद्द भएका मतदाताको विवरण स्थानीय पञ्जिकाधिकारीबाट प्राप्त गर्ने | | | | |
| ७ | उजुरी परेको मतदातालाई प्रमाणसहित सफाइको मौका दिने | २०७९/०५/१३ | २०७९/०५/१७ | प्रमुख नाम दर्ता अधिकारीको कार्यालय | प्रमुख नाम दर्ता अधिकारी/सम्बन्धित मतदाता |
| ८ | क्र.सं.५ बमोजिम प्राप्त सूचना र क्र.सं. ६बमोजिम स्थानीय पञ्जिकाधिकारीबाट प्राप्त विवरणको आधारमा बसाइँ सरी अन्यत्र गएका वा मृत्यु भएका वा नागरिकता त्याग गरेका वा नागरिकता रद्द भएका मतदाताको हकमा आवश्यक छानबिन गरी त्यस्तो मतदाताको नाम मतदाता नामावली ऐन, २०७३ को दफा १८ बमोजिम प्रमुख नाम दर्ता अधिकारीले मतदाता नामावलीबाट हटाउने निर्णय गर्ने | २०७९/०५/१३ | २०७९/०५/१७ | | प्रमुख नाम दर्ता अधिकारी |
| ९ | सूचना/निवेदनप्राप्त नभए तापनि कुनै मतदाता बसाइँ सरी गएको, मृत्यु भएको, नागरिकता त्याग वा रद्द भएको व्यहोरा प्रमाणित हुन आएमा मतदाता नामावली ऐन, २०७३ को दफा १८ बमोजिम त्यस्तो मतदाताको नाम मतदाता नामावलीबाट हटाउने | २०७९/०५/१६ | २०७९/०५/१७ | | प्रमुख नाम दर्ता अधिकारी |
| १० | क्र.सं.३ बमोजिम परेको उजुरी र क्र.सं. ७ बमोजिम सम्बन्धित मतदाताले दिएको सफाइको आधारमा उक्त मतदाताको नामावलीबाट नाम हटाउने वा राख्ने सम्बन्धमा प्रमुख नामदर्ता अधिकारीले निर्णय गर्ने | २०७९/०५/१७ | २०७९/०५/१८ | | प्रमुख नाम दर्ता अधिकारी |
| ११ | क्र.सं.२ बमोजिम परेका निवेदन बमोजिम जाँचबुझ गरी प्रमुख नाम दर्ता अधिकारीले त्रुटि सच्याउने | २०७९/०५/१८ | २०७९/०५/१८ | | प्रमुख नाम दर्ता अधिकारी |
| १२ | क्र.स. ४, ८, ९ र १० बमोजिम नाम हटाइएको र | २०७९/०५/१८ | २०७९/०५/१८ | प्रमुख नाम दर्ता अधिकारीको कार्यालय | प्रमुख नाम दर्ता अधिकारी |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | | | | | |
|---|---|---|---|---|---|
| | क.सं.११ बमोजिम त्रुटि सच्याइएको सूचना मतदाता नामावली ऐन, २०७३ को दफा १८ बमोजिम प्रकाशन गर्ने | | | | |
| १३ | क.सं.४ बमोजिम फरक फरक जिल्लामा दोहोरो नाम परेको सम्बन्धमा निवेदन प्राप्त भए मतदाता नामावली ऐन, २०७३ को दफा १७ बमोजिम दोहोरो नाम हटाउने प्रयोजनको लागि सोको छुट्टै विवरण तयार गरी जिल्लामा अद्यावधिक भएको डाटासँगै आयोगमा पठाउने | २०७९/०५/१९ | २०७९/०५/१९ | प्रमुख नाम दर्ता अधिकारीको कार्यालय/निर्वाचन आयोग | प्रमुख नाम दर्ता अधिकारी |

# सूचना ३

निर्वाचन आयोगले संवत् २०७९ साल मङ्सिर ४ गते हुने प्रतिनिधि सभा सदस्य तथा प्रदेश सभा सदस्य निर्वाचन प्रयोजनको लागि प्रतिनिधि सभा सदस्य निर्वाचन ऐन, २०७४ को दफा ७ र प्रदेश सभा सदस्य निर्वाचन ऐन, २०७४ को दफा ७ बमोजिम समानुपातिक निर्वाचन प्रणाली तर्फ देहाय बमोजिमको निर्वाचन कार्यक्रम निर्धारण गरेकोले प्रतिनिधि सभा सदस्य निर्वाचन ऐन, २०७४ को दफा ७ को उपदफा (४) र प्रदेश सभा सदस्य निर्वाचन ऐन, २०७४ को दफा ७ को उपदफा (४) को प्रयोजनको लागि यो सूचना प्रकाशन गरिएको छः-

| क.स. | क्रियाकलाप | मिति | | समय | | स्थान |
|---|---|---|---|---|---|---|
| | | देखि | सम्म | देखि | सम्म | |
| १ | समानुपातिक निर्वाचन प्रणाली तर्फ भाग लिन राजनीतिक दलहरुले निवेदन पेश गर्ने सम्बन्धमा सूचना प्रकाशन गर्ने | २०७९।०५।०८ | | | | निर्वाचन अधिकृतको कार्यालय |
| २ | समानुपातिक निर्वाचन प्रणाली तर्फ भाग लिन राजनीतिक दलहरूले निवेदन पेश गर्ने | २०७९।०५।१० | २०७९।०५।१२ | १०:०० | १७:०० | |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ३ | समानुपातिक निर्वाचन प्रणाली तर्फ भाग लिन निवेदन पेश गरेका राजनीतिक दलहरूको नामावली प्रकाशन गर्ने | २०७९।०५।१३ | | | १७:०० | ऐ.ऐ. |
| ४ | प्रकाशित सूचीमा नाम रहेका राजनीतिक दलहरूले आफ्नो नाम फिर्ता लिन चाहेमा फिर्ता लिने | २०७९।०५।१४ | | १०:०० | १७:०० | ऐ.ऐ. |
| ५ | समानुपातिक निर्वाचनमा भाग लिने राजनीतिक दलहरूको अन्तिम नामावली प्रकाशन गर्ने र निर्वाचन चिन्ह प्रदान गर्ने | २०७९।०५।१५ | | १०:०० | १७:०० | ऐ.ऐ. |
| ६ | राजनीतिक दलहरुलाई बन्दसूची पेश गर्नका लागि तयारी समय | २०७९।०५।१५ | २०७९।०६।०१ | | | |
| ७ | राजनीतिक दलहरूले उम्मेदवारको बन्दसूची पेश गर्ने | २०७९।०६।०२ | २०७९।०६।०३ | १०:०० | १७:०० | ऐ.ऐ. |
| ८ | उम्मेदवारको बन्दसूची छानबिन गरी आवश्यकता अनुसार सच्याउन दलहरूलाई सूचित गर्ने | २०७९।०६।०४ | २०७९।०६।०९ | १०:०० | १७:०० | ऐ.ऐ. |
| ९ | राजनीतिक दलहरूले उम्मेदवारको बन्दसूची संशोधन गरी पेश गर्ने | २०७९।०६।१० | २०७९।०६।१६ | १०:०० | १७:०० | ऐ.ऐ. |
| १० | उम्मेदवारको बन्दसूचीमा सूचीकृत कुनै उम्मेदवारले आफ्नो नाम उम्मेदवारको बन्दसूचीबाट फिर्ता लिन निवेदन दिने | २०७९।०६।१७ | | १०:०० | १२.०० | ऐ.ऐ. |
| ११ | उम्मेदवारको बन्दसूचीबाट उम्मेदवारले नाम फिर्ता लिएको जानकारी सम्बन्धित राजनीतिक दललाई दिने | २०७९।०६।१७ | | १३.०० | १५.०० | |
| १२ | उम्मेदवारले नाम फिर्ता लिएको कारण रिक्त हुन आएको स्थानमा सोही समूहको अर्को उम्मेदवारको मनोनयन गरी मनोनित उम्मेदवारको नामावली सम्बन्धित राजनीतिक दलले आयोगमा पेश गर्ने | २०७९।०६।२० | २०७९।०६।२२ | १०:०० | १५.०० | ऐ.ऐ. |
| १३ | उम्मेदवारको बन्दसूचीको सूचना प्रकाशन गर्ने (बन्दसूची सार्वजनिक गर्ने) | २०७९।०६।२२ | | १५.०० | १७:०० | ऐ.ऐ. |
| १४ | उम्मेदवारको बन्दसूचीमा नाम समावेश भएको उम्मेदवारको योग्यता सम्बन्धमा दाबी विरोध गर्न निवेदन दिने | २०७९।०६।२३ | २०७९।०६।२९ | १०:०० | १७:०० | ऐ.ऐ. |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १५ | उम्मेदवारको बन्दसूचीमा समावेश उम्मेदवारको योग्यता सम्बन्धी दाबी विरोधको निवेदन उपर जाँचबुझ र निर्णय गर्ने | २०७९।०६।३० | २०७९।०७।०५ | १०:०० | १७:०० | ऐ.ऐ. |
| १६ | उम्मेदवारको बन्दसूचीबाट उम्मेदवारको नाम हटेको सूचना प्रकाशन गर्ने | २०७९।०७।०८ | | १०:०० | १३.०० | ऐ.ऐ. |
| १७ | उम्मेदवारको बन्दसूची अन्तिम रूपमा प्रकाशन गर्ने | २०७९।०७।०९ | | १०:०० | १३.०० | ऐ.ऐ. |
| १८ | मतदान | २०७९।०८।०४ | | ७.०० | १७:०० | सम्बन्धित मतदान केन्द्र |

<u>द्रष्ट्रव्य</u>:

(१) समानुपातिक निर्वाचन प्रणाली तर्फको निर्वाचनमा भाग लिन निवेदन पेश गर्ने राजनीतिक दलले उम्मेदवारको बन्दसूची अनिवार्य रूपमा निर्वाचन कार्यक्रममा तोकिएको मिति भित्र निर्वाचन अधिकृतको कार्यालय, बहादुर भवन, कान्तिपथमा पेश गर्नु पर्नेछ।

(२) राजनीतिक दलले उम्मेदवारको बन्दसूची पेश गर्दा प्रतिनिधि सभा सदस्य निर्वाचन ऐन, २०७४ को दफा २८ र प्रदेश सभा सदस्य निर्वाचन ऐन, २०७४ को दफा २८ बमोजिम तयार गरी पेश गर्नु पर्नेछ।

(३) प्रतिनिधि सभा सदस्य निर्वाचन ऐन, २०७४ को दफा १४ र प्रदेश सभा सदस्य निर्वाचन ऐन, २०७४ को दफा १४ बमोजिम समानुपातिक निर्वाचन प्रणालीतर्फ एउटै व्यक्तिको नाम एकभन्दा बढी दलको बन्दसूचीमा राख्न पाइने छैन। साथै प्रतिनिधि सभा सदस्यको समानुपातिकको बन्दसूचीमा समावेश भएको व्यक्तिको नाम प्रदेश सभा सदस्यको निर्वाचनका लागि बन्दसूचीमा समावेश गर्न पाइने छैन। प्रदेश सभा सदस्यको समानुपातिकको बन्दसूचीमा समावेश भएको व्यक्तिको नाम प्रतिनिधि सभा सदस्यको निर्वाचनका लागि बन्दसूचीमा समावेश गर्न पाइने छैन।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(४) समानुपातिक निर्वाचन प्रणाली तर्फको बन्दसूचीमा नाम समावेश भएको व्यक्ति प्रतिनिधि सभा सदस्य तथा प्रदेश सभा सदस्यको पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली तर्फको उम्मेदवार हुने पाइने छैन।

(५) निर्वाचन कार्यक्रमको क्र.सं. ७ बमोजिम उम्मेदवारको बन्दसूची पेश गर्ने राजनीतिक दललाई बन्दसूची दर्ता भएको निस्सा उपलव्ध गराइनेछ। त्यस्तो निस्सा उपलव्ध गराउँदा बन्दसूची सच्याउन पर्ने वा नपर्ने बारे यकिन गर्न सम्पर्क राख्न आउने मिति समेत उल्लेख गरिनेछ। सम्पर्क राख्न आउने मिति तोकिएकोमा सम्बन्धित राजनीतिक दलले उक्त मितिमा अनिवार्य रूपमा सम्पर्क राखी बन्दसूची सच्याउनु पर्ने भएमा सो बारेको पत्र बुझिलिनु पर्नेछ ।

**आज्ञाले,**
**गोकर्णमणि दुवाडी**
**सचिव ।**

मुद्रण विभाग, सिंहदरबार



**मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित । मूल्य रू. ५।-**
**गो.हु.द.नं. १६।२०६२।६३**

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।